ज.प्र.का.म.द.नं.४८/०७३/०७४
❒ वर्ष ५, अंक २६५
❒ २२ असार २०७९ बुधबार
❒ 6 July 2022, Sunday
✹ www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

डाक्टरको चरम लापरवाही : जाँच बिनै गर्भवतीको 'अप्रेसन'

प्रादेशिक अस्पताल
मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान
प्रादे

खबर दर्पण समाचारदाता

असार २१ गते, महेन्द्रनगर

प्रादेशिक अस्पताल जनकपुरमा चिकित्सकको चरम लापरवाहीको एक घटना सार्वजनिक भएको छ। एक गर्भवती महिलाको चेकजाँच बिनैपित्तथैलीको शल्यक्रिया (अप्रेसन) गरिएको हो ।

यस्तो अवस्थामा चार महिना अघिकै अल्ट्रासाउण्डको आधारमा पित्त थैलीको शल्यक्रिया गर्दा बिरामीको ज्यान जोखिममा परेको हो ।

महोत्तरीको जलेश्वर नगरपालिका २ स्थायी घर भई हाल: जनकपुर धाम उपमहानगरपालिकामा कोठा भाडा लिई बस्दै आएकी विभा चौधरीको शल्यक्रिया अस्पतालका चिकित्कले गरेका हुन् ।

२०७८ फाल्गुन २८ गते चिकित्सकको सल्लाह बिनै बिरामीले जनकपुरधाम स्थित लक्की अल्ट्रासाउण्डमा गराएको रिपोर्टको आधारमा नै चिकित्सकले शल्यक्रिया गरेको गम्भीर लापरबाही भेट्टाएको हो । डा.अमरेश कर्णले भर्ना गरेका विभालाई डा. राजेश साह र आश्विनी यादवले शल्यक्रिया गरेका हुन् ।

विभाका श्रीमान राजेश चौधरीका अनुसार जेठ अन्तिम साता ओपिडको सर्जन चिकित्सक डा. अमरेश कर्णलाई देखाउँदा रगत, छातिको एक्सरे, पिसाब जाँच इत्यादि गराउन लगाए । असार १२ गते भर्ना भएकी विभाको १३ गते पित्तथैलीको शल्यक्रिया गरिएको थियो ।

शल्यक्रिया गर्न डा. राजेश साह, डा. अमरेश कर्ण र डा..आश्विनी यादवबीच सहमति भएको थियो । डा. राजेश साहले फिजिकल इक्जामिनेशन लिएर चेकजाँच बिनै सबै ठीक छ भन्दै १३ गते विभावको शल्यक्रिया गरिएको थियो ।

शल्यक्रिया पछि विभाको स्वास्थ्य अवस्था नाजुक हुँदै जादा पिसाब, रगत , भिडियो एक्सरे जस्ता चेकजाँच गर्दा गर्भमा चार महिने शिशु हुर्कदै गरेको पाइएको श्रीमान चौधरीले बताए ।

बाँकी पृष्ठ ३ मा

लापरवाही गर्ने चिकित्सकमाथि संसदीय समितिले छानबिन गर्ने

उपचारमा 'लापरबाही' गर्ने चिकित्सकमाथि संसदीय समितिले छानबिन गर्ने ज्ज

जनकपुरधाम। मधेस प्रदेश सरकारले उपचारमा चिकित्सकले गर्ने गरेको लापरबाहीबारे छानबिन गर्ने भएको छ। मंगलबार प्रदेश सभा बैठकमा सभामुख सरोजकुमार यादवले छानबिन गर्न महिला बालबालिका तथा समाजिक न्याय समितिलाई निर्देशन दिएका छन् ।

बैठकमा सांसदहरूले चिकित्सकको लापरबाहीका कारण महोत्तरीको जलेश्वर नगरपालिका २ की विभा चौधरीको ज्यान जोखिममा परेको बताएका थिए। त्यसपछि सभामुख यादवले १५ दिनभित्र सत्यतथ्य छानबिन गरी प्रतिवेदन सभामा पेस गर्न समितिलाई निर्देशन दिएका हुन् ।

प्रादेशिक अस्पताल जनकपुरधामका चिकित्सक डा. राजेश साह र डा.आश्विनी यादवले उपचारमा लापरबाही गरेको आरोप लागेको छ ।

उनीहरूले गएको असार १२ गते विभा चौधरी गर्भवती भएपनि पित्तथैलीको पथरी हटाउन शल्यक्रिया गरेका

बाँकी पृष्ठ ३ मा

स्रोत नखुलेको ८३ लाख रूपैयाँसहित धनुषामा दुई जना पक्राउ

अभियुक्त
अभियुक्त

महेन्द्रनगर / स्रोत नखुलेको ८३ लाख ६४ हजार ५ सय रूपैयाँ सहित धनुषामा दुई जना पक्राउ परेका छन् ।

धनुषाको जनक नन्दनी गाउँपालिका १ इनर्वाबाट सशस्त्र प्रहरीले ज ७ प ५००७ नम्वरको मोटरसाइकलाई चेक जाँच गर्ने क्रममा आलुको बोरा भित्र सो परिणामको रकम बरामद भएको सशस्त्र प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेमा जिल्लाको जनकनन्दनी गाउँपालका वडा नम्वर १५ बस्ने ३६ वर्षीय ईश्वर मण्डल र १९ वर्षीय राजेश मण्डल रहेको प्रहरीले जनाएको छ ।

उनीहरुलाई नियन्त्रणमा लिएर आवश्यक कारबाहीको लागि भन्सार कार्यालय जनकपुर बुझाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

डुबेर एक बालकको मृत्यु

महेन्द्रनगर / धनुषामा पोखरीमा डुबेर एक बाललको मृत्यु भएको छ । जिल्लाको गणेशमान चारनाथ नगरपालिका-३ वस्ने बिल्टु महराको १० वर्षिय छोरा सन्तोष महराको पोखरीमा डुबेर मृत्यु भएको हो ।

गणेशमान चारनाथ नगरपालिका-३ भरतपुरको डिहिवार थान मन्दिर नजिक रहेको पोखरीमा क्रममा ति बालकको डुबेर मृत्यु भएको प्रहरी चौकी विरेन्द्रबजारले जनाएको छ ।

बालकको शव पोष्टमार्टमका लागि जनकपुरस्थित प्रादेशिक अस्पताल पठाइएको प्रहरीले जानकारी दिएको छ ।

आफ्नो गाईभैंसीलाई कृत्रिम गर्भाधान गराई उन्नत किसिमका पाडा-पाडी, बाछा-बाछी उत्पादन गरी दुध उत्पादन बढाऔं ।
हिउँद तथा वर्षे घाँसको विकास गरौं र उन्नत किसिमका घाँसको स्रोत केन्द्र स्थापना गरी आत्मनिर्भर बनौं ।
पशु बिमा गरी पशुधनको सुरक्षा गरौं ।

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
जनकपुरधाम, धनुषा

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.
रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)
सम्पर्क नं. ९८५४०२१३९५, ९८०१६७१२५१

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशनको सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

जो पुनः विद्यालय फर्कंदै छिन्

खबर दर्पण समाचारदाता

असार २१ गते, महेन्द्रनगर

धनुषा नगराईन नगरपालिका ७ नवटोलीकी जेनिशा खातुन दश वर्षकी भइन् । चार वर्षकै हुँदा गाउँकै राष्ट्रिय प्राथमिक विद्यालयमा उनको भर्ना भयो । तर, छरछिमेक र मौलाना (मर्दशाका शिक्षक)ले मदरसामै पढ्नु पर्ने दबाब दिए । जेनिशा र उनको घरपरिवारको इच्छा हुँदाहुँदै पनि उनले सामुदायिक विद्यालयमा पढ्न पाइनन् ।

विद्यालयमा आसमान नेपालको सहयोगमा गठन भएको शिक्षक, अभिभावक संघले यो खबर पायो । अभिभावक, शिक्षक, विद्यार्थी र स्थानीय सरकारको प्रतिनिधिसहितको सहभागितामा बनाइएको एक समूह हो ।

यही समूहले गाउँमा गएर विद्यालय शिक्षा पनि दिनुपर्ने पैरवी गऱ्यो । तर, उनको परिवारले मौलानसँग अनुमति लिएर मात्र विद्यालय पठाउने जवाफ दिए । सो समूहका प्रतिनिधिहरू सबैलाका एक मुस्लिम शिक्षकलाई लिएर पुनः ती विद्यार्थीको घरमा पुगे । अभिभावक र मौलानासँग भेटेर विद्यालय शिक्षाको फाइदा बारे जानकारी गरए ।

उनीहरूको प्रयास सफल भयो । नयाँ शैक्षिक सत्रदेखि जेनिशा पुनः विद्यालय जान थालेकी छन् । दुई वर्षपछि सोही विद्यालय फर्किएकी उनी अहिले कक्षा तीनमा पढ्दैछिन् ।

फुर्सदको बेला मदरसा शिक्षा पनि लिने गरेकी छु । शुक्रबार मदरसामा बुबासँग जान्छु, जेनिशा भन्छिन्, तर, विद्यालय आउन छोड्दिन । विद्यालय सधैं जान्छु । ट्युसन पनि पढ्छु ।

उनको दुई भाइ सानै छन् । अर्को वर्ष विद्यालयमै पढाउने परिवारले तयारी गरेको शिक्षक अभिभावक संघकी रञ्जिता ठाकुरले जानकारी दिइन् । उनकाअनुसार अहिले जेनिशा बिना हिचकिचाहट विद्यालय आउने गरेकी छन् । जेनिशासँगै उनको छिमेककी छात्रछात्राहरू पनि पढ्न आउने गरेको उनी सुनाउँछिन् ।

यस्तै, सोही पालिका वडा नम्बर २ की १५ वर्षीया आरती सदा पनि घरायसी समस्याका कारण विद्यालय जान छोडिन् । उनी राजेश्वर निधि माध्यमिक विद्यालयमा पढ्दै थिइन् । घरमा भाइ र आमा बिरामी भएपछि उनले विद्यालय आउन छोडेकी थिइन् ।

तर, कारोनाको पहिलो लहरमै आसमान नेपालले टोल-टोलमा परिचालन गरेको स्वयंसेवकबाट उनले शिक्षा लिइन् । ती स्वयंसेवकले आरतीको बारेमा सामाजिक परिचालक अस्मिता ठाकुरलाई जानकारी गरए । उनीहरूले जेनिशाको जस्तै आरतीको घरमा पनि विद्यालयबाट बञ्चित नगर्न सुझाए । अहिले आरती कक्षा आठमा पढ्छिन् ।

पहिला पढाइ बारे थाहा थिएन । उहाँहरूले भनेपछि पढाइको महत्व थाहा पाए, उनले भनिन्, अब पढेर शिक्षक नै बन्ने लक्ष्य छ, मेरो । म शिक्षक भएपछि गाउँको सबैलाई भाइबहिनीलाई पढाउँछु ।

विद्यालयबाट 'ड्रपआउट' भएर पुनः विद्यालय आउन थालेकी जेनिशा र आरती प्रतिनिधि पात्र मात्र हुन् । उनीहरू जस्ता सयौं विद्यार्थी गएको आर्थिक वर्ष विद्यालय फर्किएको पालिका शिक्षा संयोजक ज्योति रतन बताउँछिन् ।

कति जना विद्यार्थी वास्तविक समस्याका कारण विद्यालय आउनुभएको थिएन्, उनले भनिन्, कतिको समस्या नभई बहाना मात्रै थियो । हामीले त्यहाँ पुगेर अभिभावलाई विद्यालयसँग जोड्ने काम गऱ्यौँ । विद्यार्थी, अभिभावक र शिक्षकबिच सहकार्य र नियमित सम्पर्क भए यस प्रकारको समस्या नदेखिने उनको बुझाइ छ ।

नगराईन नगरपालिकाका शतप्रतिशत विद्यार्थी विद्यालयमा रहेको उनको दाबी छ ।विद्यालय उमेरमै बिहे गरेर गएका र विदेशिएका बाहेक सबै विद्यार्थी विद्यालयमा भर्ना भएका छन्, उनले भनिन्, उनीहरू विद्यालय अनुपस्थित भएको बेला शिक्षक र समाजिक परिचालकले घरमा पुगेर वा फोन गरेर कारण बुझ्ने गरेको छन् ।

अभिभावकमात्रै जागरूक र इच्छुक भए विद्यार्थी नियमित विद्यालय आउन सक्ने शिक्षक प्रवेन्द्र निधि बताउँछन् ।

निजी विद्यालयमा अभिभावकले जति चासो लिन्छन्, त्यति नै सामुदायिक विद्यालयप्रति लिएको भए अवस्था पहिले नै सुधार भइसक्थ्यो, उनी भन्छन्, म लामो समयदेखि शिक्षण पेशामा छु । दलित समुदायका विद्यार्थीलाई विद्यालयमा टिकाउनै गाह्रो हुन्छ । तर, यहाँ टिकेका पनि छन् ।

नियमित र उल्लेख्य संख्यामा पढ्न पनि आउने गरेको छन् ।

गर्मी महिनामा संक्रामक रोगबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं

- गर्मी महिनामा मलेरिया, डैंगु, कालाजार, झाडापखाला सहितका संक्रामक रोगहरु फैलिन सक्ने सम्भावना हुन सक्दछन् ।
- रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिबाट जोगिऔं ।
- सडेगलेका तथा बासी खाना नखाऔं ।
- घरवरिपरी तथा व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

मानव अधिकार रक्षकको सुरक्षा र संरक्षणसम्बन्धी विधेयक मुख्यमन्त्रीलाई हस्तान्तरण

खबर दर्पण समाचारदाता

असार २१ गते, महेन्द्रनगर

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानव अधिकार रक्षकको सुरक्षा र संरक्षणसम्बन्धी विधेयक मधेस प्रदेश सरकारका मुख्यमन्त्री लालबाबु राउतलाई असार २१ गते हस्तान्तरण गरेको छ ।

इन्सेक मधेस प्रदेश संयोजक राजु पासवानको नेतृत्वमा मानव अधिकारको क्षेत्रमा क्रियाशिल संघ संस्थाहरुको प्रतिनिधिहरुले मुख्यमन्त्री राउतलाई भेटेर मानव अधिकार रक्षकसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा(पत्र १९९८ का प्रावधानहरूलाई आत्मसात् गर्दै मानव अधिकार रक्षकहरुको सुरक्षाका लागि ऐन ल्याउन आग्रह गरेका छन् ।

नेपालको संविधान तथा कानुनको स्मरण गर्दै मानव अधिकार आयोगद्वारा आयोजित मानव अधिकार रक्षकहरूको राष्ट्रय सम्मेलन २०६९ को भावनालाई कदर गर्दै मानव अधिकारको सम्वर्धन र संरक्षणमा मानव अधिकार रक्षकहरूको महत्वपूर्ण भूमिकालाई सवल र उत्तरदायी बनाउन एवम् मानव अधिकार रक्षकहरूको काम, कर्तव्य र दायित्वलाई स्पष्ट गरी उनीहरूको कामलाई सम्मान तथा सुव्यवस्थित गर्न उनीहरूको सुरक्षा सम्बन्धमा कानुन बनाउन बाञ्छनीय भएकाले यो ऐन कानुन निमार्ण गर्न मानवअधिकारकर्मीहरुको टोलीले ज्ञापन पत्र बुझाएका हुन् ।

इन्सेक मधेस प्रदेश संयोजक पासवानले मानव अधिकारका क्षेत्रमा क्रियाशिल मानव अधिकार कर्मीहरु हिंसाका घटनासमेत पर्ने गरेको हुँदा मानव अधिकार रक्षकको सुरक्षा र संरक्षणका लागि मधेस प्रदेश सरकारले तत्काल छुट्टै ऐन ल्याउन आवश्यक रहेको भन्दै मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण सम्बन्धी मस्यौदा विधेयक मुख्य मन्त्री राउतलाई हस्तान्तरण गरेको बताउनु भयो ।

इन्सेकले मानव अधिकारका क्षेत्रमा

बाँकी पृष्ठ ३ मा

☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिंग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बछार प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिबास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिबास गा.वि.स.	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिबास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय बर्दिबास	५५०००६
खानेपानी बर्दिबास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शुभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिबास आँखा अस्पताल	५५०४७७
एकिकृत सेवा केन्द्र बर्दिबास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर)	४१-५४०२३२
महेन्द्रनगर,धनुषा	९८४४०२४४५०/ ९८०४८२५८६०
एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज)	०४१-६२०४९१ ९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर	५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर	५४०१६१

डाक्टरको चरम लापरवाही. . .

चिकित्सकको चरम लापरवाहीले शल्यक्रिया पश्चात विभाको अवस्था चिन्ताजनक भएपछि गत जेठ १६ गते उनलाई थप उपचारको लागि हेलिकप्टरबाट काठमाण्डौं लगिएको थियो । उनी हाल मेडिसिटी अस्पतालमा उपचाररत्त छन् । उनको स्वास्थ्य अवस्थामा केहि सुधार आएको श्रीमान् चौधरीले बताए ।

शल्यक्रियामा संलग्न चिकित्सक मध्ये डा. राजेश साह, आश्विनी यादव र शल्यक्रियाका लागि भर्ना गराएका डा.अमरेश कर्णले मध्ये तीनै जनाले आफ्नो शल्यक्रियामा आफ्नो कुनै संलग्नता नरहेको दावी गरेका छन् । उनीहरु एक चिकित्सकले अर्कोलाई दोषि देखाएर उम्किन खोजिरहेका छन्।

परिवारजनका अनुसार शल्यक्रियामा प्रत्यक्ष संलग्न रहेका चिकित्सक डा. राजेश साहले आफूले शल्यक्रिया नगरेको अवस्था विग्रदा आफुले मानवताको हिसाबले मात्र हेरविचार र सल्लाह दिएको दाबी गरे।

अर्को चिकित्सक डा. आश्विनी यादवले शल्यक्रियामा आफूले क्यामरा म्यान (फोटोग्राफरको भुमिका मात्र निर्वाह गरेको दाबी गरे ।यता बिरामी भर्ना गरेका डा. अमरेश कर्णले भिडियो एक्सरे मान्यता प्राप्त चिकित्सकले गरेको आधारमा आफुहरुले भर्ना सहित शल्यक्रियाको प्रक्रिया अगाडी बढाएको बताए।

पीडित परिवारले उपचारमा चरम लापरवाही गर्ने चिकित्सकहरुमाथि कडा कारबाही र क्षतिपूर्तिको माग गरेका छन् ।

लापरवाही गर्ने चिकित्सकमाथि संसदीय ...

थिए । गर्भवती रहेकी चौधरीलाई शल्यक्रियापछि थप समस्या हुन थालेपछि उपचारका लागि काठमाडौं पठाइएको छ ।

लाइसेन्स खारेज गर्न माग

प्रदेश सभा बैठकको शून्य समयमा बोल्दै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)की सांसद रानी शर्मा तिवारीले चिकित्सकको लापरबाहीले गर्भवती विभा अहिले मेडिसिटी अस्पतालमा भेन्टिलेटरको शय्यामा मत्युसँग जुधिरहेको बताइन् ।

प्रादेशिक अस्पतालमा आवश्यक उपचार नै नगरी शल्यक्रिया गर्दा उनको ज्यान थप जोखिममा परेको हो," उनले भनिन्, "तर उपचारमा संलग्न चिकित्सकहरू मैले गरेको छैन भन्छन् । के त्यहाँका कार्यालय सहयोगीले गरेको हो ?"

छानबिन समिति गठन गरी चिकित्सक दोषी पाइए उनीहरूको लाइसेन्स खारेज गरिनुपर्ने उनको माग छ । सत्तारूढ दलका सांसद मनिषकुमार सुमनले पनि समिति गठन गरी छानबिन गर्न माग गरेका थिए । उनको मागमा एमालेका सांसद सत्यनारायण मण्डल, सांसद उपेन्द्र महतो र जानकीसरण साहले सर्मथन जनाएका थिए ।

प्रो. अशोक कुमार महतो मो. ९८०७६७६८२०
प्रो. बेचन महतो मो.९८०७६९०२०९, ९८४३११८५३५
रूफटप होटल एण्ड गेष्ट हाउस
मिटिङ्ग हल, पार्टी पैलेश
गौशाला नगरपालिका- २, निगौल (नर्सिङ्ग पेट्रोल पम्पको अगाडी)
यहाँ मासु फ्राई, माछा फ्राई, नस्ता (खाजा), खाना, सेकुवा तन्दुरी रोटी, पनिर, शाही ललिपप चिकेनचिल्ली, रोस्ट, छोले भटुरे ईत्यादी पाउनुको साथै गेष्ट हाउस र शादी विवाह तथा अन्य शुभ कार्यका लागि मिटिङ्ग हल, पार्टि पैलेशको व्यवस्था छ । साथै होम डिलेभरिको व्यवस्था पनि छ ।

झाडापखाला सम्बन्धी जनचेतना मुलक सूचना ।

झाडापखाला सम्बन्धी जनचेतना मुलक सूचना ।

दिनमा ३ पटक भन्दा बढी दिशा लाग्नु । वान्ता हुनु । शरीरमा पानीको मात्रा कम हुँदै जानु । आँखा गड्ने । पिसाब थोरै हुने । बिरामी शिथिल हुँदै जाने । बच्चाले दूध चुस्न नसक्ने ।

झाडापखाला लागेमा रोकथामका उपायहरु :

- पुनर्जलीय झोल बनाएर खाने ।
- उमालेको पानी, भातको माड, दालको रस, गेडागुडी वा तरकारीको रस प्रशस्त मात्रामा खाने ।
- स्तनपान गराइरहेको शिशूलाई झाडापखाला भएमा धेरै पटक स्तनपान गराउने ।
- पाँच वर्ष मुनिका बालबालिकालाई स्वास्थकर्मीको सल्लाहमा पुनर्जलीय झोलसँगै जिङ्क चक्की खुवाउने ।
- पुनर्जलीय झोल खुवाउँदा पनि झाडापखाला निको नभएमा स्वास्थसंस्थामा लैजानुपर्छ ।
- रोगलागेपछि उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु उत्तम मानिन्छ । स्वास्थ र सरसफाइमा ध्यान दिएमा झाडापखाला लाग्नबाट बच्न सकिन्छ ।

यस्ता लक्षण देखिनु झाडापखालाको लक्षण हो । झाडापखाला भएका बिरामीले समयमा उपचार नपाएमा बिरामीको मृत्यु समेत हुनसक्छ । त्यसैले झाडापखाला लागेमा उपचार गर्नुपर्छ । झाडापखालाको उपचार घरमै पनि गर्न सकिन्छ ।

झाडापखाला लाग्नबाट कसरी बच्ने ?

- साबुन पानीले मिचिमिचि हात धुने बानी बसाल्ने ।
- राम्ररी पाकेको खानेकुरा खाने ।
- ताजा खानेकुरा मात्र खाने ।
- खानेकुरालाई झिंगा, धुलोबाट सुरक्षित राख्ने ।
- काँचै खाने तरकारी तथा फलफूल राम्रोसँग पकाएर खाने ।
- पानी शुद्धिकरण गरेर मात्रै पिउने ।
- शौचायलमा मात्र दिसापिशाब गर्ने ।
- फोहरमैलालाई उचित तरिकाले विसर्जन गर्ने ।

क्षीरेश्वरनाथ नगरपालिका
महेन्द्रनगर, धनुषा

सोनमा गाउँपालिकाको बजेट ४३ करोड बढि

खबर दर्पण समाचारदाता
असार २१ गते, औरही

महोत्तरीको सोनमा गाँउपालिकाले आर्थिक बर्ष २०७९/०८० को अनुमानित वजेट निती तथा कार्यक्रम प्रस्तुत गरेको छ ।

मंगलवार गाँउपालिकाको सभाहलमा आयोजित एक समारोह बीच आर्थिक बर्ष २०७९/०८० को लागि ४३ करोडभन्दा बढि र कम बराबरको वजेट प्रस्तुत गरिएको हो ।

गाँउपालिकाका अध्यक्ष विशेश्वर प्रसाद यादवले ४३ करोड ९८ लाख ४३ हजार को बजेट प्रस्तुत गरेको हो ।

अध्यक्ष यादवले प्रस्तुत गरेको वजेटमा आन्तरिक स्रोत मार्फत १ करोड, संघीय सरकारको राजश्व वाँडफाँडमार्फत १० करोड २६ लाख ९ हजार, संघीय सरकारको समानीकरण अनुदान मार्फत १२ करोड ८६ लाख, संघीय सरकार को सशर्त अनुदान मार्फत १५ करोड २८ लाख रुपैयाँ रहेको छ ।

त्यस्तै प्रदेश सरकारको वितीय समानीकरण मार्फत ८३ लाख ३४ हजार, प्रदेश सरकारको विशेष अनुदान मार्फत ३० लाख, प्रदेश सरकारको सम्पूरक अनुदान मार्फत २० लाख, सडकवोर्डमार्फत २५ लाख र गत आर्थिक वर्षको संचित रकम ३ करोड गरि सो वजेट विनियोजन गरिएको गाँउपालिकाको कार्यालयले जनाएको छ ।

स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखि विनियोजन गरिएको वजेटमा शिक्षा, कृषिले पहिलो प्राथमिकता पाएको गाँउपालिकाका अध्यक्ष यादवले बताए ।

नितिगत वजेट नै अधुरो : वडाअध्यक्ष यादव

अवेला गरि ल्याएको वजेट अधुरो रहेको गाँउपालिका वडा नं. १ का वडाअध्यक्ष अशोककुमार यादवले बताए । वडाअध्यक्ष यादवले भने, 'यस वजेटप्रति हामीहरुको प्रत्यक्ष रुपमा असन्तुष्टी रहेको छ । यसलाई संशोधन नगरेसम्म हामीहरुको असहमति रहि रहनेछ ।'

शिक्षा नितीमा अध्यक्षलाई विना कारण जोडिनु, किसानलाई उपलब्ध गराउने सेवा सुविधा, वजेटमा आर्थिक पारदर्शी नरहेकोले यसलाई संशोधन गर्नुपर्ने आवश्यक्ता रहेको गाँउपालिका वडा नं. १ का अध्यक्ष अशोक कुमार यादवले बताएका छन् ।

मानव अधिकार रक्षकको सुरक्षा...

कियाशिल अधिकारकर्मी तथा सरोकारवाला निकायहरुसँगको छलफल पश्चात तयार पारिएको मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण सम्बन्धी मस्यौदा विधेयक मुख्य मन्त्रीलाई आज बुझाइएको पासवानले बताउनु भयो । सो विधेयक मुख्यन्यायाधिवक्ता दिपेन्द्र झालाई समेत बुझाइएको छ ।

उक्त विधेयकमा प्रदेश मानव अधिकार रक्षक परिषद गठन, मानव अधिकार रक्षकको सेवाको सुरक्षा, उपचार सम्बन्धी हक र मानव अधिकार रक्षक कोष रहने उल्लेख गरिएको छ ।

विद्येयक ग्रहण गर्दै मुख्यमन्त्री लालवावु राउतले आफुले यस विद्येयकबारे सकारात्मक रहेको र यसबारे छलफल गरि मानवअधिकारकर्मीहरुको मनोवल उच्च राख्ने हिसावले मधेस प्रदेश सरकार अग्रसर रहनेब बताउनु भयो ।

यसैबिच राष्ट्रिय मानव अधिकार आयोगद्वारा जनकपुरधाममा २०७८ फागुन २० र २१ गते आयोजित मधेस प्रदेश स्तरीय मानव अधिकार रक्षक प्रादेशिक सम्मेलनबाट जारी १४ बुँदे घोषण पत्र समेत मुख्यमन्त्री राउतलाई हस्तान्तरण गरिएको छ ।

घोषणा पत्रमा मानव अधिकार रक्षकहरुले काम गर्ने कममा हुने सुरक्षा चुनौतीलाई सम्बोधन गर्नका लागि तुरुन्त क्षतिपूर्तिसहितको न्याय प्राप्त गर्ने संयन्त्र र कानुन निर्माण गर्न प्रदेश सरकारलाई आग्रह गर्ने उल्लेख छ । उक्त विधेयक र घोषणा पत्र हस्तान्तरण कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग मधेस प्रदेश कार्यालयका प्रमुख वीरबहादुर बुढा मगर, मानव अधिकार अधिकृत मनमाया राना मगर, एडभोकेसी फोरमका प्रदेश संयोजक राजकुमार महासेठ, थर्ड एलायन्सका प्रदेश संयोजक अर्जुन साह, मधेस फाउन्डेशनका प्रदेश संयोजक सुभनारायण यादव, निल हिरा समाजका प्रदेश संयोजक प्रदिप यादव, ओरेक धनुषा संयोजक रोजलिन कुमारी सिंह, महिला मानव अधिकार रक्षक सञ्जाल धनुषाका उपाध्यक्ष सुभद्रा आले र सदस्य जमुना भुजेल लगायत रहनु भएको थियो ।

दिपेन्द्रप्रसाद सिंह

जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

क्षीरेश्वरनाथ नगरपालिका कार्यालय,
महेन्द्रनगर, धनुषा

सर्पदंशबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

१. गर्मी महिनामा घरवरिपरी सर्प लुक्न सक्ने ठाउँहरु खोजी गरी व्यवस्थापन गरौं ।
२. खुल्ला स्थानमा शौच नगरौं ।
३. सकभर खाली खुट्टा नहिडौं ।
४. रातिको समयमा बाहिर निस्किनुपर्दा टर्च लाइट तथा लठ्ठीको अनिवार्य प्रयोग गरौं ।
५. सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं र झुलको प्रयोग गरौं ।
६. पराल, दाउरा, गोइठा आदि झिँक्दा सावधानी अपनाऔं ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

धनुषा प्रहरीको सक्रियता

अपहरित बालक १५ दिनपछि सकुशल उद्दार

खबर दर्पण समाचारदाता

असार २१ गते, जनकपुर

जनकपुरबाट अपहरणमा परेका ३ वर्षीय बालकको १५ दिनपछि सकुशल उद्धार, एक महिला पक्राउ भारत सितामढी बर्गनिया प्रखण्ड घर भई हाल धनुषाको जनकपुर उपमहानगरपालिका ७ भमरपुराचोक स्थित डेरा गरि बस्ने हरिओम चौधरीको छोरा सोहन चौधरीको दुई सातापछि प्रहरीले उद्धार गर्न सफल भएको हो ।

अपहरणमा संलग्न आरोपमा एकजना महिलालाई समेत प्रहरीले बलकसहित पक्राउ गरेको हो । महोतरीको पिपरा गाउँपालिका ४ बस्ने ५५ वर्षीया मैथुन खातुनलाई बालकसहित प्रहरीले मंगलबार दिउँसो फेला पारेको हो ।

आफ्नै घरमा बालकलाई लिएर खातुन लुकेकी थिइन् । विशेष सुराकीको आधारमा पत्ता लगाई बालकको उद्धार गरी ती महिलालाई पक्राउ गरेको धनुषाका प्रहरी उपरीक्षक बसन्त रजौरेले जानकारी दिए ।

गत असार ६ गते बिहान ७ बजे घर अगाडी खेल्न कोठाबाट बाहिर निस्केका बालक अपहरणमा परेका थिए । एक महिलाले बालक लगेको स्थानीयले भनेपनि ती महिलाको परिचय खुलेको थिएन ।

प्रहरीलाई जानकारी हुने बितिकै बालकको खोजतलासमा धनुषा प्रहरी सक्रिया भएको थियो ।

जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरी टोलीले ईलाका प्रहरी कार्यालय सहोडवा, महोत्तरीको सहकार्यमा बच्चा अपहरण गर्ने महिलालाई घरबाटै पक्राउ गरेको जनाएको छ ।

पक्राउ परेकी खातुन उपर अपहरण तथा शरिर बन्धक शिर्षकमा मुद्दा दायर गरि थप अनुसन्धान अगाडी बढाएको एसपी रजौरेले बताए ।

मधेश सरकारको स्थायी संरचना निर्माण गर्न प्रतिवेदन तयार

खबर दर्पण समाचारदाता

असार २१ गते, जनकपुर

मधेश प्रदेश सरकारको भौतिक संरचना निर्माणका लागी जग्गा पहिचान, प्राप्ती तथा पूर्वाधार निर्माणका लागि गठित अध्ययन समितिले मुख्यमन्त्री लालबाबु राउतलाई आज आफ्नो प्रतिवेदक हस्तान्तरण गरेको छ ।

जनकपुरधामलाई स्थायी राजधानी घोषणागरि सकेपछि सरकारको मुख्य प्रशासनीक भवन लगायतका अन्य भौतिक संरचना निर्माणका लागि आवश्यक जग्गाको पहिचान तथा प्राप्तिका लागि प्रदेश सरकारले भौतिक पूर्वाधार विकास मन्त्री राम सरोज यादवको संयोजकत्वमा गठन गरेको समितिले सरोकारबालाहरु संगको छलफल पश्चात आफनो प्रतिवेदन मुख्यमन्त्री राउतलाई हस्तान्तरण गरेको छ ।

समितिले राजधानीको मुल संरचनाको लागी जचुकाली परिसरलाई नै मुख्यप्राथमिकतामा राखी राजधानी भित्रका अन्य सार्वजनिक तथा गुठी अधिनस्त जग्गाहरुलाई समेटेर प्रतिवेदन तयार पारेको समितिका संयोजक भौतिक पूर्वाधार विकास मन्त्री यादवले बताए ।

उनले जचुकाली परिसरलाई प्रशासनिक केन्द्र, चरण विकासको जग्गा तथा हाल प्रदेश सभा भवन रहेको क्षेत्रको जग्गामा आभाव क्षेत्र लगायतका अन्य संरचना निर्माणकालागि सिफारिस गरेको बताए ।प्रतिवेदन ग्रहण गर्दै मुख्यमन्त्री राउतले प्रतिवेदनलाई आउने मन्त्री परिषदको बैठकबाट स्वीकृति प्रदान गरि साउन पहिलो सातादेखि नै जग्गा प्राप्तिको प्रक्रिया थालिने जानकारी गराए ।

कृषक वर्गमा अनुरोध
नेपाल एक कृषि प्रधान देश भएको र खाद्यमा आत्म निर्भरता बढाउने सरकारी प्रयास स्वरुप किसानलाई विभिन्न खाले सेवा सुविधा उपलब्ध हुँदै आएका छन । समयमा वर्षा नहुँदा कयन खेतबारीहरु बाँझै छन, नजिकै पानिका ओत नभएको ठाउँमा कसरी सिचाइ गर्ने सवालमा तराइका जिल्लाहरुमा भुमिगत (जमिनमूनी) जललाई उपभोग गर्न सकिन्छ ।
भुमिगत जल सिंचाई सेक्टर आयोजना
जलेश्वर, महोत्तरी

बालबालिकाहरुलाई अनिवार्य विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।
जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो ।
मठिहानी नगरपालिका कार्यालय
महोत्तरी

आगलागि भएमा सम्पर्क गरौं
जनकपुरधाम उप महानगरपालिकाको अकास्मिक सेवा वारुण यन्त्र शाखाको सम्पर्क नम्बर ९८५४०२००४ र ०४१-५२००११ मा आगलागी भएका सम्पर्क गर्न हुन सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।
जनकपुरधाम उपमहानगरपालिका
धनुषा

सार्वजनिक हितमा जारी सन्देश
- आ-आफ्नो बालबालिका जन्मेको ३५ दिन भित्र सम्मन्धीत वडा कार्यालयबाट जन्मदर्ता बनाऔं ।
- सार्वजनिक सम्पतीको सबैको साँझा सम्पती र धरोहर हो सबै मिलेर सुरक्षा गरौं । विनास हुनबाट बचाऔं ।
- वर्षायाम सुरु भएकोले घर बाहिर निस्किदा विहान र बेलुका टर्च लाईट र लठ्ठी लिएर मात्र निस्किनुहोस् ।
- जथाभावी रुखविरुवा कटानीले पर्यावरणमा गम्भिर असर परेकोले पुरानो रुख काटेको ठाउँ वरपर कम्तिमा ५ वटा रुख लगाऔं ।
- सार्वजनिक हितको विषयमा आफ्नो आवाज बुलन्द गरौं । भ्रष्टाचार, अनियमितता विरुद्ध खुलेर बोलौं ।
औरही नगरपालिका कार्यालय
महोत्तरी

बालबालिकाहरुलाई अनिवार्य विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।
महिला,बालबालिका,युवा तथा खेलकुद मन्त्रालय
मधेस प्रदेश, जनकपुरधाम

कृषि क्षेत्रलाई आधुनिक र व्यावसायिक कृषिमा रुपान्तरण गरि समुन्नत र दिगो कृषि विकासमा जोड दिऔं ।
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मधेस प्रदेश, जनकपुरधाम

यौन दुराचारी जहाँ पनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट सजग र समेत रहौं
आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
गृह तथा सञ्चार मन्त्रालय
मधेस प्रदेश, जनकपुरधाम

नियमित कर तिरी नगर विकासमा सहभागी बनौं ।
कर तिर्नु सभ्य नागरिकको पहिचान हो
समयमै कर चुक्ता गरौं
अर्थ मन्त्रालय
मधेस प्रदेश, जनकपुरधाम

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा